२०७४ साल फागुन १६ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— अख्तियार दुरूपयोग अनुसन्धान आयोगका माननीय आयुक्त राजनारायण पाठकको फिलिपिन्स भ्रमण समर्थन गर्ने ।

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– नेपाल सरकारको लिखित धारणाको रुपमा तयार पारिएको "Additional Submission of Government of Nepal to the ECOSOC Committee for the Development Policy on LDC Graduation March २०१८" लाई परराष्ट्र मन्त्रालयमार्फत् संयुक्त राष्ट्र संघको विकास नीति समिति (UN CDP) समक्ष पेश गर्न स्वीकृति दिने।

(ग) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ कार्यान्वयनका लागि देहायबमोजिम गर्नेः-

(१) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची -२ मा उल्लिखित मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत रहने निकायहरूले हाल कायम हुन आएका मन्त्रालय मातहत रही मन्त्रालयको नीति, निर्देशन र सुपरिवेक्षणमा कार्यसम्पादन गर्ने ।

(२) अर्को व्यवस्था नभएसम्मका लागि विभागीय मन्त्रीले एक आपसमा गाभिएका मन्त्रालयका सचिवहरूलाई साविकमा कार्यसम्पादन गरिआएको कार्यक्षेत्र (Sector) को सचिवको जिम्मेवारी निर्वाह गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

(३) नेपाल सरकार, मन्त्रिपरिषदमा पेश हुने विषय र विभागीय मन्त्रीसमक्ष पेश हुने विषयमा निर्णयको लागि फाइल पेश गर्दा सम्बन्धित विषयको कार्यक्षेत्र तोकिएको सचिवले सिधै मन्त्रीसमक्ष पेश गर्ने ।

(४) मातहत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन, बिदा, वैदेशिक भ्रमण र काजसम्बन्धी निर्णय सम्बन्धित कार्यक्षेत्र हेर्ने सचिवले गर्ने ।

(५) चालु आ.व.को स्वीकृत कार्यक्रम र बजेटसम्बन्धी कार्यहरू साविकबमोजिम नै पूर्ण उत्तरदायी भई कार्यान्वयन गर्ने ।

(६) विषयगत कार्यक्षेत्रसम्बन्धी विभाग सोही कार्यक्षेत्र हेर्ने सचिवअन्तर्गत रहने ।

(७) कानुनअन्तर्गत स्थापना भएका निकायहरूले न्यायिक तथा अर्धन्यायिक कार्यसम्पादन गर्दा र अन्य व्यवस्थापकीय कार्य गर्दा सम्पर्क समन्वयको लागि कुनै अमुक मन्त्रालयको नाम उल्लेख भएको अवस्थामा हाललाई साविकको व्यवस्थाअनुसार नै सम्बन्धित मन्त्रालय, निकायसँग सम्पर्क र समन्वय गर्ने । यसरी कार्य गर्दा यस्ता निकायहरूले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम तादात्म्य हुने गरी कानुन संशोधन गर्ने कार्य शीघ्र अगाडि बढाउने ।

(८) परिवर्तित कार्य विभाजनअनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बद्ध मन्त्रालयहरूसँग समन्वय गरी सबै मन्त्रालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन यथाशीघ्र स्वीकृतिका लागि पेश गर्ने ।

(घ) नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ स्वीकृत भई मन्त्रालयहरूको सङ्ख्या र नाम हेरफेर भएकोले नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई अर्को व्यवस्था नभएसम्म देहायबमोजिम कामकाज गर्न खटाउने –

क्र.सं	नाम, थर	साविक पद र कार्यालय	कामकाज गर्न खटाएको पद र निकाय
१.	श्री चन्द्रकुमार घिमिरे	सचिव, वाणिज्य मन्त्रालय	सचिव; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य)
२.	श्री यामकुमारी खतिवडा	सचिव, उद्योग मन्त्रालय	सचिव; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग)
३.	श्री अनिलकुमार ठाकुर	सचिव, आपूर्ति मन्त्रालय	सचिव; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (आपूर्ति)
४.	डा. सुरोज पोखरेल	सचिव, कृषि विकास मन्त्रालय	सचिव; कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि)
५.	डा. विश्वनाथ ओली	सचिव, पशुपन्क्षी विकास मन्त्रालय	सचिव; कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (पशुपन्क्षी)
६.	श्री गोपीनाथ मैनाली	सचिव, सहकारी तथा गरिवी निवारण मन्त्रालय	सचिव; कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (भूमि व्यवस्था तथा सहकारी)
७.	श्री गजेन्द्रकुमार ठाकुर	सचिव, खानेपानी तथा सरसफाई मन्त्रालय	सचिव; खानेपानी तथा सहरी विकास मन्त्रालय (खानेपानी)
८.	श्री दिपेन्द्रनाथ शर्मा	सचिव, सहरी विकास मन्त्रालय	सचिव; खानेपानी तथा सहरी विकास मन्त्रालय (सहरी विकास)
९.	श्री अनुपकुमार उपाध्याय	सचिव, ऊर्जा मन्त्रालय	सचिव; जलस्रोत तथा ऊर्जा मन्त्रालय
१०.	डा. युवकध्वज जि.सी.	सचिव, वन तथा भू-संरक्षण मन्त्रालय	सचिव; वन तथा वातावरण मन्त्रालय (वन)
११.	श्री प्रकाश माथेमा	सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय	सचिव; वन तथा वातावरण मन्त्रालय (वातावरण)
१२.	श्री मधुप्रसाद रेग्मी	सचिव, शिक्षा मन्त्रालय	सचिव; शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय (शिक्षा)
१३.	डा. संजय शर्मा	सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय	सचिव; शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय (विज्ञान तथा प्रविधि)
१४.	श्री महेशप्रसाद दहाल	सचिव, युवा तथा खेलकुद मन्त्रालय	सचिव; शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय (युवा तथा खेलकुद)

१५.	श्री लक्ष्मणप्रसाद मैनाली	सचिव, श्रम तथा रोजगार मन्त्रालय	सचिव; श्रम, रोजगार, महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालय (श्रम, रोजगार)
१६.	श्री इन्द्रप्रसाद उपाध्याय	सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय	सचिव; श्रम, रोजगार, महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालय (महिला, बालबालिका तथा सामाजिक सुरक्षा)
१७.	श्री दिनेशकुमार थपलिया	सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	सचिव; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला)
१८.	श्री शंकरप्रसाद कोइराला	सचिव, सामान्य प्रशासन मन्त्रालय	सचिव; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामान्य प्रशासन)
१९.	श्री केदारबहादुर अधिकारी	सचिव, सूचना तथा सञ्चार मन्त्रालय	सचिव; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
२०.	डा. पुष्पा चौधरी	सचिव, स्वास्थ्य मन्त्रालय	सचिव; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
२१.	श्री कृष्णराज वि.सी.	सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय	सचिव; अतिरिक्त समूहमा पदाधिकार राखी काज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।